मिति २०८२।११।२७ गते कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १, मिति२०८२।१०।१७ गते कार्यपालिका बैठकको निर्णय समिक्षा गरियो ।

निर्णय नं. २, चौकुने गाउँपालिकाको आ.ब २०८२/०८३ को अर्ध वार्षिक प्रगतिको विवरण समिक्षा गरी पारित गरियो ।

निर्णय नं. ३, राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगबाट प्रकाशित प्रतिबेदनमाथी छलफल गरी आगामी वर्ष कागजातहरु अनिवार्य पेश गर्ने सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. ४, चौकुने गाउँपालिकाको आ.ब २०८२/०८३ अन्तर्गत माघ मसान्तसम्म भुक्तानी भएका आयोजना तथा कार्यक्रमको भुक्तानी अनुमोदन गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, चौकुने गाउँपालिका वडा न ४ स्थित ने.रा.प्रा.वि भेडीचौरको भेरीएसन आदेश र जगन्नाथ मा.वि बिजौराको भेरीएसन आदेश स्विकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६, देहाय वमोजिमका विधेयक र कार्यविधि माथि छलफल गरी स्विकृत गर्ने र विधेयक गाउँभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स | कानुको नाम | विधेयक/कार्यविधि | कैफियत |
|---|---|---|---|
| १ | चौकुने गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक | विधेयक | |
| २ | बेरुजु फर्स्यौट कार्यविधि, २०८२ | कार्यविधि | |
| ३ | लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ | कार्यविधि | |
| ४ | गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि | कार्यविधि | |

निर्णय नं. ७, चौके गाउँपालिकाको गौशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८२ को दफा ३ बमोजिम तपसिलका पदाधिकारी रहेको मोरीवन गौशाला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल:

| क्र.स | नाम | पद |
|---|---|---|
| १ | मायाराम जैसी | अध्यक्ष |
| २ | गणेश बहादुर रानामगर | सदस्य |
| ३ | बिर बहादुर थापामगर | सदस्य |
| ४ | खगेन्द्र बहादुर बुढा | सदस्य |
| ५ | नवराज बुढा | सदस्य |
| ६ | खिम बहादुर राना (बंसी) | सदस्य |

| | | |
|---|---|---|
| ७ | डिल्लीसरा बि.क. | सदस्य |
| ८ | घनश्याम बम | सदस्य |
| ९ | डा.रुपेश यादव | सदस्य सचिव |

चौकुने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुट्टु सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

**निर्णय नं. ८,** चौकुने गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) माथि छलफलबाट प्राप्त सुझाब समेत समाबेश गरी स्विकृतिका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९,** चौकुने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मी श्री दिपा खत्रीको स्वास्थ्य सेवा नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम असाधारण पारिवारीक बृत्ति तथा उपदानको रकम रु ५,५१,३५२।- (अक्षरुपी पाँच लाख एकाउन्न हजार तिन सय बाउन्न मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि छलफल गर्दा चौकुने गाउँपालिकाको आ.ब. २०८२/०८३ को स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत खर्च नभएका र नहुने शिर्षकबाट रकम अपुग भएका र तत्काल खर्च गर्नुपर्ने शिर्षकमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९ वमोजिम रकमान्तर गर्न सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११,** सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ७ (घ) चौकुने गाउँपालिकामा सञ्चालित सामूदायिक विद्यालयहरुको एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा ५ र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ३ र चौकुने गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८२ नेपाल सरकार शिक्षा तथा मानब स्रोत विकास केन्द्रको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन को बुदा १२, शिक्षा तथा मानब स्रोत विकास केन्द्रको चलानी नम्बर ३९ मिति २०८२ पौष ९ गतेको विद्यालय समायोजको प्रस्ताब पेश गर्ने पत्रानुसारको प्रस्ताब तयार भएको प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२,** यस चौकुने गाउँपालिकाको आ.ब. २०८१/०८२ को महालेखा परिक्षणको कार्यालय मार्फत लेखापरिक्षण भै प्राप्त प्रारम्भिक प्रतिवेदन माथी छलफल गरी कार्य सम्पादनमा सुधार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १३,** हेभी इक्युप्मेन्ट मर्मत रकम विनियोजन तथा भुक्तानी सम्बन्धमा रकम विनियोजन गरी तपसिल अनुसार भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| क्र.स | साधनको नाम | मर्मत विवरण | कैफियत |
|---|---|---|---|
| १ | एक्साभेटर | चेन मर्मत र सर्भिसिङ्ग | |
| २ | टिप्पर | नयाँ टायर खरिद र टिप्पर मर्मत | |
| ३ | ब्याकहोलोडर (जे.सी.वि,हल्यान्ड) | मर्मत | |

निर्णय नं. १४, चौकुने गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्र अनुसार चौकुने गाउँपालिकाको लोगो र चौकुने गानका सम्बन्धमा २०८२।१०।२२ गते सार्वजनिक रुपमा खुल्ला प्रतियोगिता सम्बन्धी सूचना प्रकाशन गरी तपसिल अनुसारको समित गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | नाम/थर | पद | कैफीयत |
|---|---|---|---|
| १ | धनीराम धमाला | संयोजक | |
| २ | धुर्वराज उपाध्याय | बिज्ञ सदस्य | |
| ३ | टेकेन्द्र बहादुर बुढा | सदस्य सचिव | |

निर्णय नं. १५, आ.ब २०८२।०८३ को बजेट अनुरुप पुर्वाधार विकास निर्देशानालयमा रु.एक करोड रकम सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा न ३ भवन निर्माण गणेशमान स्मृति भवनको नाममा बिनियोजित भएको र भोलिको दिनमा निर्माण पश्चात सोही स्मृति भवन प्रतिष्ठानको कार्यालयको प्रयोजन,गोष्ठी तथा अन्य प्रतिष्ठानसँग क्रियाकलाप सञ्चालनको लागि प्रयोग गरीने हुँदा तत्काल छीटो धन्दा छिटो ठेक्का खरीद प्रक्रिया अगाडी बढाईदिनहुन सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. १६, चौकुने गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अनुसार अवलोकन भ्रमण जनप्रतिनिधि कर्मचारी सम्बन्धमा जुम्ला जिल्ला र मुगु जिल्लाका स्थानीय तहहरु संग अनुभव आदान प्रदान गर्ने उद्देश्यले अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

निर्णय नं. १७, आर्थिक सहायताको लागि विभिन्न मितिमा प्राप्त भएका निवेदन उपर छलफल गर्दा तोकिएको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

खड्क वि.क. (विवस)

अध्यक्ष

चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय गुटु, सुर्खेत ।